जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता


राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - २२७ ❑ २०८३ भाद्र १७ गते बुधबार ❑ Wednesday, 2 Oct 2026 ❑ मूल्य ७ /-



## भोटेकोशीमा बाढीको रौरव नृत्य र राज्यको प्रशंस्य तदारुकता

✍ नकुल काजी

३

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा

**फाल्गुनन्द चौक**

फोन: ०२३-५७५४०९

**गंगा ट्राभल्स एण्ड टुर्स**

**हाम्रा सेवाहरु:**

- राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
- भारतका लागि रेल, बसको टिकट
- बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
- टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा

Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available

ARE YOU GOING TO INDIA?
SPECIAL PRE PURCHASE TO INDIA
INDIGO, SPICE JET, AIR INDIA, AKASA

CASH BACK OFFER
RS. 100 -5000
9842645136

GANGA TRAVEL AND TOURS
EMAIL ID: gangatravel36@gmail.com
WHAT'S UP : 9842645136 / 023-575311
LOCATION : DAMAK 5 JHAPA BELDANGI ROAD

### भोटेकोशी बाढी पीडितप्रति समर्पित दमकको श्रीकृष्ण रथयात्रा

# विपत्तिमा परेकालाई सहयोगको लक्ष्य

✍ खगेन्द्र कार्की




**दमक/** रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीबाट ठूलो जनधनको क्षति भएपछि यस वर्ष दमकमा आयोजना हुने श्रीकृष्ण रथयात्रा भव्य उत्सवका रूपमा नभई भक्ति, प्रार्थना, श्रद्धाञ्जली र मानवीय सेवाको सन्देशसहित आयोजना हुने भएको छ । मंगलबार रथयात्रा व्यवस्थापन समितिका अध्यक्ष रोहित आचार्यको अध्यक्षतामा आयोजित सो पत्रकार सम्मेलनमा आउँदो शुक्रबार आयोजना हुने रथयात्राको सम्पूर्ण तयारी पूरा भएको जानकारी गराए ।

सचिव प्रेम भट्टराईले सञ्चालन गरेको सो कार्यक्रममा २०७१ सालदेखि निरन्तर आयोजना हुँदै आएको रथयात्रा यस वर्ष विगतमा जस्तो तामझाम, नाचगान र मनोरञ्जनमा केन्द्रित नगरी भोटेकोशी बाढीमा ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली तथा घाइते, बेपत्ता र प्रभावित परिवारको उद्धार, राहत र पुनःस्थापनाका लागि सामूहिक प्रार्थना गर्ने गरी आयोजना गरिने समितिका अध्यक्ष आचार्यले बताए ।

पत्रकार सम्मेलनमा प्रेसित प्रेस विज्ञप्तिका अनुसार रथयात्राका क्रममा विभिन्न स्थानमा आरती तथा प्रार्थना गरिनेछ । हनुमान मन्दिर, जेसी चोक, देवकोटा चोक, पशुपति मन्दिर, शंखधर चोक, भृकुटी चोक, रातो पुल, भानुभक्त चोक, फागुनन्द चोक तथा दमक नगरपालिका अगाडिलगायतका स्थानमा आरती र प्रार्थनाको कार्यक्रम राखिएको छ ।

भोटेकोशी बाढीमा दिवंगत भएकाहरूको आत्माको चिरशान्ति, घाइते तथा अस्पतालमा उपचाररतहरूको शीघ्र स्वास्थ्यलाभ र अझै सम्पर्कविहीन रहेकाहरूको सकुशल उद्धार तथा परिवारसँग पुनर्मिलनका लागि प्रार्थना गरिने आचार्यले बताए ।

यस वर्ष रथयात्राको अर्को महत्वपूर्ण पक्षका रूपमा दान-भेटी व्यवस्थापनलाई लिइएको छ । रथयात्राका क्रममा संकलन हुने दान-भेटी तथा स्वेच्छिक सहयोग पारदर्शी रूपमा व्यवस्थापन गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिने समितिले जनाएको छ । भोटेकोशी बाढीबाट प्रभावित परिवारलाई सहयोग पुऱ्याउने उद्देश्यले 'श्रीकृष्णको रथसँगै सहयोगको हात बढाऔँ' भन्ने सन्देशसहित रथयात्रा आयोजना गरिने भएको हो ।

विगत वर्षहरूमा जस्तो औपचारिक उद्घाटन कार्यक्रमसमेत नराखिने भएको छ । रथमा राखिएको भगवान् राधाकृष्णको मूर्तिसहितको मन्दिरमा छोपिएको कपडा हटाएपछि उपस्थित प्रदेश सांसद, दमक नगरपालिकाका मेयर रामकुमार थापा, उपमेयर रेगिना भट्टराई प्रसाईं, प्रमुख प्रशासकीय अधिकृत सुनिल निरौला, वरिष्ठ प्रशासकीय अधिकृत यज्ञराज बाँकी ४ पेजमा ▸▸

# दमक नपा आफै काट्न थाल्यो अव्यवस्थित तार




**दमक/** दमक नगरपालिकाले पटक-पटकको पत्राचार र सूचनाको बेवास्ता गर्दै सडक वारपार गरी जथाभावी टाँगिएका इन्टरनेट तथा दूरसञ्चारका तार हटाउन थालेको छ । नगर क्षेत्रलाई सुन्दर, आधुनिक, सुरक्षित र व्यवस्थित शहरका रूपमा विकास गर्ने अभियानअन्तर्गत नगरपालिकाले मंगलबारदेखि अव्यवस्थित तार काटेर हटाउने काम सुरु गरेको हो ।

नगर प्रहरी प्रमुख रुद्र कार्कीका अनुसार मंगलबार दिउँसो ११ बजेदेखि दमक बजारका विभिन्न क्षेत्रमा सडक वारपार गरी टाँगिएका तथा नगरपालिकाले तोकेको स्थानभन्दा फरक ठाउँबाट क्रसिङ गरिएका तार हटाउने काम सुरु गरिएको हो ।

नगरपालिकाका अनुसार मंगलबार नगरपालिका गेटदेखि हार्डवेयर लाइन, दमक थाना, जेसीज चोक हुँदै शङ्खधर चोक, भृकुटी चोक, रातो पुल, भानुभक्त चोक, फाल्गुनन्द चोक तथा नगरपालिका आसपासका क्षेत्रका सैयौ पोलहरुमा रहेका अव्यवस्थित तार हटाउने काम गरिएको छ ।

नगरपालिकाले यसअघि नै नेपाल विद्युत् प्राधिकरण, नेपाल दूरसञ्चार कार्यालय दमक तथा दमक क्षेत्रमा सञ्चालित इन्टरनेट सेवा प्रदायक संस्थालाई पटक-पटक पत्राचार गर्दै तार व्यवस्थापन गर्न आग्रह गरेको थियो । नगरपालिकाले सडकको दायाँ-बायाँ पोल गाडेर विद्युत्, टेलिकम तथा बाँकी ४ पेजमा ▸▸

# बाढीका कारण मर्नेको संख्या १ हजार बढी

**दमक/** रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण मंगलबार दिउँसो ४ बजेसम्म १ हजार ५६ जनाको शव फेला परेको छ । जसमध्ये रसुवामा ३८ जना, नुवाकोटमा १ सय ५१ जना, धादिङमा ५७ जना, चितवनमा ३ सय २१ जना, गोरखामा ६५ जना, तनहुँमा ३८ जना, नवलपरासी पूर्वमा २ सय १६ जना, नवलपरासी पश्चिम १ सय ६५ जना र भारतमा ५ जना गरी १ हजार ५६ जनाको शव फेला परेको हो ।

फेला परेको शवहरु मध्ये ९ सय ७२ को लाशजाँच मुचुल्का सम्पन्न भएको छ भने ५८ वटा शव आफन्तलाई हस्तान्तरण गरिएको छ ।

फेला परेका शवहरूको पहिचानका लागि डीएनए नमुना संकलनदेखि आवश्यक प्रक्रिया पूरा गरी हाल सम्म १ सय २१ महिला, १ सय ९८ पुरुष र ३ सय ६५ नखुलेको गरी जम्मा ६ सय ८४ वटा शव माटोमुनी व्यवस्थापन गरिएको छ ।

साथै पहिचान नभएका ८ सय ६९ वटा शवहरूको विवरण नेपाल प्रहरीको वेबसाइटमा समेत अपलोड गरिएको छ । बाढी प्रभावित क्षेत्रमा उद्दार, खोजी, राहत वितरण, शव व्यवस्थापनलगायतका कार्यका लागि हालसम्म ७ हजार ९ सय १२ जना प्रहरी कर्मचारीहरु परिचालन गरिएको छ ।

बाढी प्रभावित क्षेत्रहरूबाट ४ हजार ५ सय ३० जनाको उद्दार गरिएको छ भने हालसम्म बेपत्ता भएका ४ हजार ६ सय ६ जनाको खोजी कार्य भइरहेको छ ।

विभिन्न जिल्लाहरूमा रहेको होल्डिङ सेन्टरमा ३ हजार ४ सय ५३ जना व्यक्तिहरूलाई राखिएको छ । जसमध्ये नुवाकोटमा २ हजार ४ सय ६६ जना, धादिङमा २ सय ६० जना, रसुवामा ३ सय ९८ जना र काठमाडौंमा ३ सय २९ जना रहेका छन् ।

## राष्ट्रियसभाबाट रसुवा बाढीबारे विशेष प्रस्ताव पारित

**दमक/** राष्ट्रियसभाले रसुवा बाढीपछि विपद् व्यवस्थापनसम्बन्धी विशेष प्रस्ताव पारित गरेको छ। मंगलबार बसेको बैठकले विनाशकारी बाढीमा ज्यान गुमाउने नागरिकहरूप्रति श्रद्धाञ्जली अर्पण रशोक-सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दै विशेष प्रस्ताव पारित गरेको हो।

विशेष प्रस्तावमा बेपत्ता/सम्पर्कविहीनहरूको तीव्र खोजी तथा प्रभावितहरूको शीघ्र उद्धार, घाइतेहरूको सम्पूर्ण उपचार निःशुल्क गर्ने व्यवस्था, वैज्ञानिक विधिबाट शवहरूको पहिचान तथा व्यवस्थापन र प्रभावित परिवारलाई प्रभावकारी राहत तथा *पुनर्स्थापना गर्न ध्यानाकर्षण गराइएको छ।* बाँकी ४ पेजमा ▸▸

### चार हजार २ सय ७० जनाको उद्धार

# चार हजार ५९९ अझै बेपत्ता

**दमक/** भोटेकोशी हुँदै त्रिशूली नदीमा गएको बाढीमा परी सम्पर्कविहीन भएकामध्ये हालसम्म चार हजार २७० जनाको उद्धार गरिएको र चार हजार ५९९ जना अझै बेपत्ता रहेको नेपाल प्रहरीले जनाएको छ । प्रहरी प्रधान कार्यालय नक्सालका अनुसार बाढीबाट प्रभावित तीन हजार तीन पुरूष, एक हजार २५४ महिला र पहिचान नखुलेका १३ जना गरी चार हजार २७० जनाको उद्धार गरिएको हो ।

अन्य सुरक्षा निकायसहित विभिन्न पक्षबाट समेत गरी १२ हजारभन्दा बढी बाढी प्रभावितको उद्धार भइसकेको प्रहरीले स्पष्ट गरेको छ । उद्धार कार्यलाई तीव्र बनाइए पनि उल्लेख्य संख्यामा मानिस अझै सम्पर्कविहीन रहेको अवस्थालाई दृष्टिगत गरी खोजी तथा उद्धार कार्यलाई थप प्राथमिकता दिई सुरक्षाकर्मीसहित सरकारी संयन्त्र परिचालित गरिएको छ ।

नेपाल प्रहरीका प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अविनारायण का ॅलेका अनुसार उद्धार गरिएकामध्ये तीन हजार ४५३ जनालाई 'होल्डिङ सेन्टर'मा राखिएको छ । नुवाकोटमा दुई हजार ४६६, धादिङमा २६०, रसुवामा ३९८ र काठमाडौंमा ३२९ जना होल्डिङ सेन्टरमा रहेका छन् ।

विनासकारी बाढीमा परी ज्यान गुमाएका १२१ महिला, १९८ पुरूष र पहिचान नखुलेका २६२ गरी ५८१ जनाको शव जमिनमा गाडेर व्यवस्थापन गरिएको छ भने ५६ वटा शव मृतकका परिवार तथा आफन्तलाई हस्तान्तरण गरिएको प्रहरीले जनाएको छ ।

प्रहरी प्रवक्ता का ॅलेका अनुसार हालसम्म एक हजार १० जनाको शव फेला परेको छ । फेला परेका शवमध्ये ३० बालक, ३५ बालिका, २०९ महिला, ३८५ पुरूष र ३५१ जना आंशिक अंगसहितका रहेका छन् । शवको पहिचान तथा व्यवस्थापनको बाँकी ४ पेजमा ▸▸

# कोशी प्रदेशका १ सय ५९ जना अझै बेपत्ता

**दमक/** रसुवा बाढीबाट कोशी प्रदेशका १३ जिल्लाका १५९ जना व्यक्ति हालसम्म सम्पर्कमा नआएको कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगरले जनाएको छ । कार्यालयका प्रवक्ता एवं वरिष्ठ प्रहरी उपरीक्षक योगेन्द्रसिंह थापाका अनुसार १३, इलामका नौ, पाँचथरका एक, ताप्लेजुङका दुई, मोरङका १७, सुनसरीका १६, धनकुटाका दुई, सत्तुवासभाका तीन, भोजपुरका तीन, उदयपुरका १६, ओखलढुंगाका २५, खोटाङका १०, सोलुखुम्बू ४२ जना सम्पर्कविहीन छन् ।

उनका अनुसार हालसम्म पाँच जनाको उद्धार, २७ जना सम्पर्कमा आएका, एक जना उपचारमा रहेको तथा एक जना मृत फेला परेका थिए । बेपत्ता भएका नागरिक रसुवा, नुवाकोट, धाटिङलगायतका जिल्लामा रोजगारी, व्यापार, व्यवसाय, धार्मिक यात्रा तथा अन्य काममा सिलसिलामा रहेका बेला अचानक बाढीको चपेटामा परेका थिए ।

## झापा गाउँपालिकाद्वारा उद्धार कोषमा २५ लाख सहयोग

**दमक/** झापाको झापा गाउँपालिकाले भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनाका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा २५ लाख २८ हजार २८८ रूपैयाँ सहयोग गर्ने निर्णय गरेको छ ।

गाउँपालिकाले जनप्रतिनिधि, कर्मचारी तथा शिक्षकबाट रकम संकलन गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने जनाएको छ । गाउँपालिकाकी कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलियाले बाढी प्रभावित नागरिकलाई राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले उक्त रकम कोषमा जम्मा गर्ने निर्णय गरिएको जानकारी दिइन् ।

सहयोग रकममध्ये गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट दुई लाख, सम्पूर्ण जनप्रतिनिधिबाट ६० हजार, गाउँपालिकाका कर्मचारीबाट सात लाख ३८ हजार ६७९ र शिक्षकबाट १५ लाख २९ हजार ४०९ संकलन गरिने अध्यक्ष थपलियाले बताइन् ।

# तीज मनाउन संकलित रकम बाढीपीडितलाई



**दमक/** अमर आस्था महिला सोसाइटी, भद्रपुरले हरितालिका तीज पर्वका लागि संकलन गरेको रकम भोटेकोशी बाढीपीडितको राहत तथा उद्धारका लागि सहयोग गरेको छ ।

रसुवाको भोटेकोशी क्षेत्रमा आएको भीषण बाढीबाट ठुलो जनधनको क्षति भएपछि यस वर्ष तीज पर्व मनाउन सङ्कलित रकम विपद् प्रभावितको राहतका लागि सहयोग गर्ने निर्णय गरेको छ । सोसाइटीले आज रू ११ हजार १११ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको अध्यक्ष चन्द्रमाया श्रेष्ठले जानकारी दिइन् । अध्यक्ष श्रेष्ठका अनुसार विपद्को कठिन समयमा तीज मनाउने नाममा बाँकी ४ पेजमा ▸▸

**दाँत र मुख सम्बन्धी हरेक समस्याको समाधान**
**ॐ शान्ति डेन्टल हस्पिटलको वरदान !**



आउनुहोस् यहाँ दाँत उखेल्ने, भर्ने, लगाउने,वाङ्गा, टिङ्गा, मिलाउनेदेखि उपचार र मुखको जटिल शल्यक्रिया समेतको अनुभवी डाक्टर र आधुनिक मेसिनको सहयताले यहाँ हरेक समस्याको सरल ढंगले समाधान गरिन्छ।

**सेवामा आवद्ध डाक्टरहरु**

- डा. हेम राज गैरे
- डा. सि.पि. गैरे
- डा. राहुल गुप्ता
- डा. विवेक शिंह
- डा. टंक न्यौपाने
- डा. स्मारक दाहाल
- डा. मोलिका श्रेष्ठ
- डा. काश्मी श्रेष्ठ
- डा. सायारा ढकाल
- डा. अन्जली ठाकुर

**ॐ शान्ति डेन्टल हस्पिटल**
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

## सम्पादकीय

# लागुऔषध समस्या समाधानको खाँचो

झापामा पछिल्लो समय लागुऔषधको दुर्व्यसन र कारोबार विकराल रुपमा फैलँदै गएको छ । खुला सीमानाका कारण भारतबाट सहजै भित्रिने लागुऔषधको जालोमा युवायुवती मात्र होइन, कलिला बालबालिकाहरु समेत नराम्ररी फस्दै गएका छन् । विशेषगरी काँकडभिट्टा, बिर्तामोड र दमकजस्ता सहरी क्षेत्रहरुमा प्रयोगकर्ता र कारोबारीहरुको संख्या बढ्नुले गम्भीर खतराको घण्टी बजाएको छ । दमकमा मात्रै २२ सयभन्दा बढी लागुऔषध प्रयोगकर्ता हुनु र लागुऔषधको लत छुटाउनकै लागि बालबालिका तथा किशोरकिशोरीहरु अपराध वा कुकर्मको दलदलमा फस्नुले हाम्रो सामाजिक संरचना र भविष्यमाथि गम्भीर प्रश्नचिह्न खडा गरेको छ ।


यस्तो संवेदनशील अवस्थामा जिल्ला प्रहरी कार्यालय झापाले स्थानीय पालिका र विद्यालयहरुसँगको सहकार्यमा लागुऔषध न्यूनीकरण अभियान थाल्नु निकै सकारात्मक कदम हो ।

दमकमा हालै सम्पन्न अन्तरक्रिया कार्यक्रममा उठेका तथ्यहरुले समस्याको जरो कहाँ छ भन्ने स्पष्ट पारेको छ । प्रहरी एक्लैको प्रयासले मात्र लागुऔषध नियन्त्रण असम्भव छ भन्ने प्रहरी प्रमुखको भनाइ यथार्थपरक छ । यसका लागि समाजका सबै तह, तप्का र निकायहरुबीच एकीकृत प्रयासको खाँचो छ ।

यस अभियानका क्रममा दमक नगरपालिकाका प्रमुखले विद्यालय आसपासमा सूर्ती र मदिराजन्य पदार्थको बिक्रीवितरणमा कडाइ गर्ने विषयमा व्यक्त गरेको दृढता स्वागतयोग्य छ । राजनीतिक लाभहानिको पर्वाह नगरी बालबालिकाको भविष्य रक्षाका लागि स्थानीय सरकारले लिनुपर्ने यस्ता कडा निर्णयमा दलीय स्वथ्यभन्दा माथि उठेर सबैले सहयोग गर्नुपर्छ । विगतमा राजनीतिक दबाब वा भोट गुम्ने डरले चालिएका कदमहरु अधुरा रहँदा आज यो स्थिति सिर्जना भएको हो । अब जनप्रतिनिधिहरु पछि हट्न हुँदैन ।

यससँगै, कार्यक्रममा शिक्षकहरुले उठाएका गुनासाहरुले विद्यालय तहको अनुशासन र नीतिगत अन्योलताको पाटोलाई छर्लङ्ग पारेका छन् । बाल अधिकारको गलत व्याख्या र स्पष्ट कानुनी नीतिको अभावमा शिक्षकहरु निरीह बन्नुपर्ने अवस्था आउनु दुःखद हो । विद्यार्थीको नाममा हुने अराजकता र अभिभावकको अतिरञ्जित लाडप्यारले अनुशासनहीनता बढाएको छ, जसले युवापुस्तालाई कुलतमा फस्न थप मलजल गरेको छ । तसर्थ, सरकारले विद्यालय तहमा स्पष्ट र कसिलो अनुशासनसम्बन्धी नीति ल्याउन ढिलाइ गर्नु हुँदैन । लागुऔषध नियन्त्रणको असली सुरूवाता घर र विद्यालयबाटै हुनुपर्छ। प्रहरीले फुटबल क्लबमार्फत युवाहरुमाझ पहुँच विस्तार गर्ने, विद्यालयहरुमा सचेतनामूलक पोस्टर टाँस्ने र जनचेतना जगाउने कार्यलाई निरन्तरता दिनु प्रशंसनीय छ । तर, यसलाई नारामा मात्र सीमित नराखी प्रत्येक अभिभावकले आ(आफ्ना सन्तानप्रति निगरानी बढाउने, उनीहरुको संगत र आचरणप्रति सचेत हुने संस्कार बसाउनु जरूरी छ । जबसम्म परिवार र समुदाय सचेत हुँदैनन्, तबसम्म कुनै पनि सरकारी अभियानले पूर्ण सफलता पाउन सक्दैन ।

# भोटेकोशीमा बाढीको रौरव नृत्य र राज्यको प्रशंस्य तदारूकता



✍ नकुल काजी

दलीय लोकतान्त्रिक प्रणालीद्वारा राज्य-व्यवस्था चलेका मुलुकहरूमा विधिसम्मत सरकारको बागडोर जिम्मा लिने दलमा सन्निहित 'लोकतान्त्रिक चरित्र'-को अन्तर्य अज्माउने समय भनेकै देशमाथि आइलाग्ने दैवी संकट किंवा प्राकृतिक प्रकोपको बेला हुने हुन्छ । त्यस्ता संकटका बेला देशको जिम्मेवारीमा बहाल 'सरकार'-को निर्देशक अंगमा लोकमतले स्थापित भएकाहरु देश र देशवासीका प्रति कति सम्वेदनशील, कति जवाफदेही र नैतिक कर्त्तव्यका प्रति आत्मनिवेदित भई प्रस्तुत हुन्छन् वा हुनसक्छन् भन्ने नै उनीहरूमा निहीत लोकप्रेमी चरित्रको मापक मानिन्छ । र, त्यसैलाई उनीहरूको असली अन्तर्यको परिचायक भनेर मूल्यांकन गरिने गरिन्छ । अतः गत १० गते रसुवाको भोटेकोशीमा अचानक आएको बाढीको अपूर्व कल्पनातीत भयावह विपद्को घटनामा, पाँचै महिना अघिदेखि मात्र व्यावहारिक अनुभवरत आला-काँचा वय वर्गका युवाहरूले सम्हालेको, सरकारले देखाएको विधिसम्मत तदारूकता र सक्रियताले, विगत ३६ वर्षको अवधिका अनेक यस्ता ठूला र दुष्प्रभावी घटनाहरूका सन्दर्भमा समेत, लोकतान्त्रिक अभ्यासको श्रेष्ठतामा प्रतिष्ठापित गरेको त छ नै। यसबाहेक, देशमाथि प्राचीन र मध्ययुगीन 'कबिला' ढबको शासन लाद्ने अलोकतान्त्रिक चारित्रिक पुराना-पाका, विगत ३५ वर्षे राजनीतिक (?) स्वार्थी र कमाउधन्धे, नेगियार-मुखियाहरु र तिनका पाउभक्त भारदार-ढोकेबैठकेहरूले अब बुझ्नुपर्ने अर्को पनि कुरा बाँकी छ । अर्थात्, जुन मुखले उनीहरूले यो भर्खर बामे सरिरहेको पाँच महिने सरकार र यसको संरचनालाई निमठ्ने पाषाण लक्ष्यमा 'लोकतान्त्रिक-गणतान्त्रिक प्रणालीको विनाशक' भने झैं चित्रित गर्दैथे त्यही मुखमा यो घटनामा सरकारको लोकतन्त्र अनुकूल विक्रान्त प्रस्तुतिले 'मूला' कोचिदिएको नेपाली लोक-दुनियाँको बुझाइ बन्न गएको छ । तर, त्यो पक्षका अहंकारीहरूबाट, राजनीतिको निम्ति, यस्तो अवस्था प्रत्युत्पादक ठहर्छ-ठहर्दैन भनेर बुझ्ने विवेक कसरी वर्तिन्छ भन्ने भने यसपछिको रमिताको विषय त अवश्यै बन्न गएको छ ।

'जेन-जेड' वयसका युवाहरूको विद्रोहले सातो उडेका, 'कबिला'-पन्थी, विशेषतः, तीन दल नामे पाउभक्त भारदार र आशेपासे कराँसे तथा ढोके-बैठकेहरूको 'गिरोह' अहिले आ-आफ्नै दलीय शिविरभित्रको अन्तरध्वंशी स्वरूपको कचेडाको सामना दुःसाध्य भएकाले एकातिर विरक्त छन् भने अर्कातिर आफ्नो कबिले खाइन-पाइन खोसिएको विरक्तिले पनि छटपटाएका छन् र त्यसको पुनर्प्राप्तिको झिँगे दाउको लाज-पचाउनीमा समेत अनुरक्त छन् । यस्तो स्थितिमा मान्छेको विवेक चटारिनु-बटारिनु पनि अस्वाभाविक हुँदेन । तर, 'अरूलाई पर्दा वेदान्त र आफूफाई पर्दा प्राणान्त' उक्ति जस्तो स्थितिमा ती तीन दलका मुखियाहरूको बेकामे ताउर-माउर बढो टिठलाग्दो बन्दै गएको देख्नुपर्दा सचेत कित्ताका लोक भने सिक्सिकाउन र दिग्मिगाउन थोलेका छन् । त्यसमाथि सत्ताशक्ति र धनको तुजुक बाहेक पवित्र लोकमतले स्थापित अहिलेको सरकारले लोकतन्त्रको सिद्धान्तमा नचुकी लोक-दुनियाँको अभिभावक भएको उदाहरणीय अभ्यासबाट लोकमा अपेक्षित अनुभूति हलक्क जाग्रत हुनु पनि पुराना-पाकाका लागि अर्को अदम्य भाउँटो जस्तो भएर खोपडीमा बिझिरहेको होला ।

यो नितान्त ताजा विषयको चर्चा गरिरहँदा परारको भल-पैह्रोको घटना स्मरणमा लहरिएर आउँछ । त्यसबेला राजधानी महानगर काठमाडौका खोला-पैनी भरिएर सडकहरु पनि छत्ताछुल्ल जलाम्मे भएका थिए । त्यसबेला प्रधानमन्त्री खड्गप्रसाद ओली अमेरिका पुगेका थिए । गृहमन्त्रीमा रमेश लेखक थिए । त्यस घटनामा देशका अन्य जिल्ला र गाउँ क्षेत्रको रोदन-क्रन्दनको के अवस्था थियो होला, जब काठमाडौंकै एउटा सुकुमवासी परिवार आफनो छाप्रे घरको छानोमा चढेर जीवन बचाइदिने उद्धारका लागि दिनभर चिच्याएर पनि निरूपाय भई बढ्दै गइरहेको बाढीले साँझपख घरैसँग बगाएको थियो । यस घटनामा गृहमन्त्री लेखकको छोटो स्पष्टीकरण थियो - 'भिजिब्लिटी कम भएकाले हेलिकप्टर जान सकेन होला नि !' (अर्थात्, देख्नसकिने थिएन होला र हेलिकप्टर जान सकेन होला नि !) । हेरौं लोकका प्रति उत्तरदायी हुनपर्ने सरकारका जिम्मेवारको संक्षिप्त जवाफ ! 'यो कुकुर कसरी मरेछ ?' भन्ने प्रश्नको 'सास गएपछि मर्दैन त ?' भन्ने ठाढो जवाफ जस्तो ! अर्कातिर भारी वर्षा र भलले राजधानी शहरलाई तहसनहस पारेको खबर सुनेपछि प्रधानमन्त्री केपीले अमेरिकाबाट 'म आजै आउँदैछु' भने भन्ने 'काठमाडौंका बाह्र भाइ'-ले धुमधमान प्रचार-प्रसार गराएका थिए । तर, उसै दिन हिंडे भनिएका ओलीले कता-कताको रंगोली भ्याएर तीन दिनपछिको बेलुका मात्र काठमाडौं आइपुग्न भ्याएका थिए ! अर्थात्, हालको सरकारलाई 'जनताप्रति अनुत्तरदायी' भएकाले लोकतन्त्र-गणतन्त्र मास्न उद्यत देख्नेहरु आफू 'राज्य'-को एकाधिपत्य अधिनायक बनेका बेला के-कसो गर्थे भन्ने अनगिन्तीमध्ये यो एउटा उदाहरण हो । यो कुरालाई भोटेकोशी घटनामा वर्तमान सरकारले देखाएको आभ्याषिक तदारूकताको सन्दर्भलाई उनीहरु कसरी सम्झन्छन् कुन्नि ! हुन त आफ्ना के-के पो सम्झिउन् उनीहरु - थोरै भए पो बाचाल वकवेदान्तीले मथेर वर्णन गर्न साध्य होला त !

'राजनीति'-लाई व्यावसायिक उपलब्धि मानेर खुट्टो टेक्नेहरूको शुरु उद्देश्य नै लोभ, लाभ, प्राप्ति, उदरपूर्ति, ढाँटढुँट, छलकपट आदिबाट घेरिएको भएपछि त्यो ब्यहोराको विकासले नैतिकता, मानविकी दायराका विषयहरूको सम्मान कसरी होस् ? अझ संवैधानिक मूल्य-मान्यता, कर्त्तव्य, जवाफदेहिता, उत्तरदायित्व आदि झन नजिक हुने कुरै भएन ! त्यस्ता बूढा-पुरानाका लयमा रत्तिएकाहरूको गिरोहका भागिदारहरूले जन-ताहना र जन-सरोकारका उम्दा विषयहरु चिन्नै पो कसरी सक्छन् र तिनका छेउमा लोक-दुनियाँसँग सम्पृक्त क्रियाकलाप चाहिँ 'लोकतन्त्रको जीवन्त अस्मिता हो भनिरहनु 'भालूलाई पुराण सुनाउनु' जस्तै न हो । अथवा यस किसिमको दशारूपी अडभङ्ग परिस्थितिबाट गुज्रिँदै आएको साढे तीन दशक अवधि भोगाइले यो समय-सालमा बल्ल त सान्दर्भिक परिवर्तन अनुभव गर्न पाएको छ । र, यो परिवर्तनले राज्यको इमानी संगत पाउन थालेको छ । यस्तो बेलामा कसैको विलोम गतिविधि र खलनायकीय फलाको सुनेर अल्मलिनु वा मतिभ्रमित भई पछि लाग्नु चाहिँ बरु 'लोकतन्त्र'-का प्रति अपराध हो भन्ने बुझ्नु पर्दछ । अन्यथा, फेरि उहीं युवा विद्रोह अघिको समयको चिहानतिर लैजाने निश्चित छ । किनभने, पुराना-पाकाहरूको अहिलेको पश्चगमन लक्षित गतिविधि र वक्रोक्तिमय बखेडावाजी तमाशा त्यसभन्दा अर्को के नै पो हो र ? थप अरु पनि सक्कलै वा प्रतिकृति जे भेटिन्छ नढाँटी-नछली भनिन्छ नै । त्यसैले, आजलाई यति नै ।...

## सामाजिक सञ्जाल

# शर्माले धन्यवाद दिएको गाउँलेको स्टाटस



**विश्वप्रकाश शर्मा**
**कांग्रेस उपभापति**

महाधिवेशन गरेर सभापति बन्नु पनि छैन, प्रधानमन्त्री बन्ने भन्ने त सपनै भएन । जम्मा एक पल्ट सांसद् जितेका थिए, पार्टी सरकारमा जाँदा मन्त्री बनिहालूँ भनेको पनि देखिएन । बरू प्रदीप पौडेल र बद्री पाण्डेजस्ता युवालाई मन्त्रीमा अघि बढाए ! चुनाव हार्दा पनि जित्नेलाई अबीर दल्न जानेदेखि आफ्ना विपक्षीविरूद्ध एकवचन तुच्छ नबोली चुनाब जितेको पनि देखियो! यिनको वैचारिक स्तर पनि समकालीन अन्यभन्दा कत्ति कम छैन ।

काठमाडौंमा सानो डेरा थियो । झापाको पैतृक घर पनि जल्यो ! तैपनि संयमित र शान्त नै देखिए । यसपटक चुनाबमैं नयाँलाई पालो दिनुपर्छ भने । सुरूवात आफैबाट गरे । हार्ने भएर नउठ्ने भए कि भन्ने पनि लाग्यो तर सुरक्षित हुने गरी समानुपातिकमा बस्न पनि सक्थे, राष्ट्रियसभाको ढोका प्रयोग गर्न पनि सक्थे, त्यसो गरेनन् । बारम्बार सांसद् भएर, मन्त्री भएर छोडेको भए पनि एउटा कुरा । जम्मा एकपल्ट सांसद् भए, त्यो पनि आधा कार्यकालमात्रै । फुट्ने नै देखियो । बहुमत सदस्यले महाधिवेशनमार्फत् विधि र नेतृत्व परिवर्तन गर्ने हो भने देउबाजीको एउटा वृद्ध र अल्पमतको ग्रुप पार्टी छोडेर जान सक्ने अवस्था छ । नेपाली कांग्रेस प्रजातान्त्रिक भन्ने दल बिउँझेला । बहुमतले नेतृत्व परिवर्तन गर्न चाहेपछि जसले स्वीकार गर्दैन, त्यो फुट्छ ।

आन्तरिक द्वन्द्व र बाह्य असन्तुष्टिको यो माहोलमा कांग्रेस फुटेर या जुटेर पनि पहिलो पार्टी बन्छजस्तो धेरैलाई लाग्दैन । आजसम्म पहिलो हुँदा त माओवादी र एमालेको पछि लाग्नेबाहेक केही गर्न नसकेको दलले दोस्रो, तेस्रो भएर गर्न सक्ने के नै होला र ! तर नीति र नेतृत्व नयाँ भयो र आफ्नै खुट्टामा उभिने भयो भने चुनाबहरु आइरहन्छन् !

एउटा राष्ट्रिय दल माझिएर आयो भने अन्य दलमा पनि त्यसको असर पर्छ । अहिले नै पनि धेरै दलहरूमा सक्षम, पठित र विज्ञ युवाहरूको हस्तक्षेप बढ्दो छ । देश र राजनीतिप्रति चासो हुनेहरूले पार्टीहरूभित्रका परिवर्तन र सुधारका प्रयासलाई सघाउनु पर्छ । बल दिनुपर्छ ।

आफूले लोभ नगरेपछि राजालाई पनि झुकाउन सकिन्छ भन्ने भनाइ छ । यिनले सक्लान् त झुकाउन ?

# युवाको आवाज, सरकारको जिम्मेवारी



- क्षितिज विक्रम खनाल

पछिल्ला वर्षमा आफ्नो भविष्य मात्र होइन, राज्य र राजनीतिलाई समेत प्रश्न गरेका छन् । त्यसको एउटा महत्वपूर्ण अभिव्यक्ति जेनजी आन्दोलनमा देखियो र त्यसले सिर्जना गरेको राजनीतिक परिस्थितिले युवा नेतृत्वको सरकार जन्माएको छ ।

अब प्रश्न फेरिएको छ । पहिले सोधिन्थ्यो- "युवाका लागि सरकारले के गर्नुपर्छ ?" आजको प्रश्न हो- "युवा नेतृत्वको सरकार बनेपछि युवाको जीवनमा वास्तवमै के परिवर्तन हुँदैछ ?"

नेपालको जनसंख्यामा युवा पुस्ताको हिस्सा ठूलो छ । यो देशका लागि अवसर हो । तर युवा धेरै भएर मात्र देश समृद्ध हुँदैन । उनीहरूलाई गुणस्तरीय शिक्षा, सीप, रोजगारी, पूँजी, उद्यमशीलता र सही वातावरण चाहिन्छ ।

आज नेपालको ठूलो विडम्बना यही हो- देशमा युवा छन्, तर पर्याप्त अवसर छैन । विश्वविद्यालय छन्, तर पढाइ र रोजगारीबीच दूरी छ । तालिम छन्, तर तालिमपछि काम कहाँ गर्ने भन्ने स्पष्ट छैन । बैंकमा कर्जा छ, तर नयाँ उद्यमीका लागि सहज पहुँच छैन । कृषि, पर्यटन र प्रविधिमा सम्भावना छ, तर त्यसलाई उत्पादन र रोजगारीमा बदल्ने प्रणाली कमजोर छ ।

यही अवस्थाले ठूलो संख्यामा युवालाई विदेश जान बाध्य बनाइरहेको छ । विदेश जाने सबै युवा देश छाड्न चाहेर गएका होइनन् । धेरैका लागि यो अवसर र बाध्यताको बीचमा गरिएको निर्णय हो । विदेशबाट आएको रेमिट्यान्सले परिवार र अर्थतन्त्रलाई ठूलो सहयोग गरेको छ । तर प्रश्न पनि गम्भीर छ- देशको उत्पादनशील जनशक्ति विदेशमा हुँदा नेपालभित्र उत्पादन कसले गर्ने ?

सरकारको नीति युवालाई विदेश जानबाट रोक्ने होइन, नेपालमै पनि भविष्य बनाउन सकिन्छ भन्ने वातावरण निर्माण गर्ने हुनुपर्छ । युवाले विदेशमा सिकेको सीप, अनुभव र पूँजीलाई नेपालमा उत्पादनसँग जोड्न सक्नुपर्छ ।

यही असन्तुष्टिको राजनीतिक अभिव्यक्ति जेनजी आन्दोलनमा देखियो । सामाजिक सञ्जालमाथिको प्रतिबन्ध तत्कालीन कारण भए पनि आन्दोलनको असन्तुष्टि त्यसभन्दा गहिरो थियो । युवाको प्रश्न थियो- राज्यले हामीलाई कति सुन्छ ? अवसर पहुँचका आधारमा किन बाँडिन्छ ? भ्रष्टाचार र शक्तिको दुरूपयोग किन सामान्यजस्तो देखिन्छ ? पढेपछि पनि भविष्यका लागि विदेश जानुपर्ने अवस्था किन आउँछ ?

त्यसैले जेनजी आन्दोलनलाई क्षणिक आक्रोश मात्र भनेर बुझ्नु हुँदैन । यो लामो समयदेखि जम्मा भएको निराशाको विस्फोट थियो । यसले स्पष्ट सन्देश दियो- नयाँ पुस्ता अब केवल चुनावमा मत हाल्ने पुस्ता भएर बस्न तयार छैन । ऊ प्रश्न गर्न, निर्णय प्रक्रियामा सहभागी हुन र परिणाम हेर्न चाहन्छ ।

त्यसपछि आएको राजनीतिक परिवर्तनले बालेन्द्र शाहलाई प्रधानमन्त्रीको जिम्मेवारीमा पुऱ्यायो । युवा पुस्तामाझ स्थापित छवि भएका बालेनको नेतृत्वमा सरकार बन्नु पुस्तान्तरणको महत्वपूर्ण संकेत हो । तर एउटा कुरा स्पष्ट हुनुपर्छ- प्रधानमन्त्री युवा हुँदैमा सरकार युवामैत्री हुँदैन ।

युवा हुनु उमेर हो, युवामैत्री हुनु नीति हो । त्यसैले अब सरकारको मूल्यांकन प्रधानमन्त्रीको उमेरबाट होइन, युवाको जीवनमा आएको परिवर्तनबाट हुनुपर्छ ।

रोजगार, सीप र उद्यमशीलतालाई एकीकृत गर्ने सरकारी प्रयास सकारात्मक दिशातर्फको कदम हो । तर कार्यविधि, कार्यक्रम र बजेट मात्र उपलब्धि होइनन् । प्रश्न हुनुपर्छ- कति युवाले रोजगारी पाए ? कति व्यवसाय सुरू भए ? कति व्यवसाय टिके ? कति युवाको आम्दानी बढ्यो ?

अब सरकारले युवालाई केवल ऋण र तालिम दिने पुरानो शैली बदल्नुपर्छ । सीपसँग रोजगारी, कर्जासँग बजार, उद्यमसँग प्रविधि र उत्पादनसँग ब्रान्डिङ जोडिनुपर्छ । कृषि गर्ने युवालाई बजार चाहिन्छ, पर्यटनमा लाग्नेलाई डिजिटल मार्केटिङ चाहिन्छ र प्रविधिमा काम गर्ने युवालाई विश्व बजारसँग जोड्ने पूर्वाधार चाहिन्छ ।

विदेशबाट फर्किएका युवालाई पनि बेरोजगारका रूपमा होइन, अनुभव बोकेर फर्किएको जनशक्तिका रूपमा हेर्नुपर्छ । उनीहरूको सीप, अनुभव र लगानी क्षमताको अभिलेख बनाएर स्थानीय उद्योग तथा व्यवसायसँग जोड्न सकिन्छ ।

युवा नीति रोजगारीमा मात्र सीमित हुनु हुँदैन । युवाले सुशासन र जवाफदेहिता पनि खोजेका छन् । योग्यताको सम्मान, पारदर्शी नियुक्ति, भ्रष्टाचार नियन्त्रण र सार्वजनिक संस्थामाथिको विश्वास निर्माण पनि युवामैत्री राज्यका आधार हुन् ।

अब सरकारले युवालाई चुनावी भीडका रूपमा होइन, नीति निर्माणको साझेदारका रूपमा लिनुपर्छ । शिक्षा, रोजगारी, प्रविधि, कृषि, पर्यटन र डिजिटल अर्थतन्त्रका नीतिमा युवा विज्ञ, उद्यमी र सिर्जनशील पुस्ताको सहभागिता बढाउनुपर्छ ।

अन्ततः जेनजी आन्दोलनको ऊर्जा कहाँ जाने भन्ने प्रश्न हो । सडकमा उठेको आवाज अब विद्यालय, विश्वविद्यालय, उद्योग, कृषि, प्रविधि र उद्यममा पुग्नुपर्छ । आक्रोश उत्पादनमा, निराशा सिर्जनामा र विदेशको अनुभव नेपालमा लगानीमा बदलिनुपर्छ ।

बालेन सरकारसँग अहिले एउटा ऐतिहासिक अवसर छ- युवाले सडकमा उठाएको प्रश्नलाई राज्यको नीतिमा बदल्ने अवसर । तर इतिहासले सरकारलाई अवसर मात्र दिँदैन, हिसाब पनि माग्छ ।

केही वर्षपछि प्रश्न हुनेछ- त्यो युवा नेतृत्वको सरकारले युवाका लागि के गऱ्यो ?


त्यसको उत्तर भाषणमा होइन, तथ्यांकमा देखिनुपर्छ । कति रोजगारी सिर्जना भयो ? कति नयाँ उद्यम जन्मिए ? कति युवा नेपाल फर्किए ? कति युवाले नेपालबाटै विश्व बजारमा काम गरे ? कति युवाको आम्दानी बढ्यो ?

यदि यी प्रश्नको उत्तर सकारात्मक हुँदै गयो भने जेनजी आन्दोलन केवल एउटा राजनीतिक घटना हुनेछैन, नेपालमा पुस्तान्तरण र परिवर्तनको सुरूवात बन्नेछ ।

किनकि सडकमा उठेको युवा आवाजको अन्तिम गन्तव्य सत्ता होइन, परिवर्तन हो । र सत्तामा पुगेको युवा नेतृत्वको अन्तिम परीक्षा भाषण होइन, परिणाम हो ।

(सम्पादीत अंश)

# ओखलढुंगाको तीनछाँगे झरना पर्यटकको पर्खाइमा



ओखलढुंगा/ ओखलढुंगाको सुनकोशी गाउँपालिका-९ ककनीमा रहेको तीनछाँगे झरना पर्यटकका पर्खाइमा रहेको छ । ककनी खोलामा करिब ५०० मिटरको दूरीभित्र तीन ठूला र मनमोहक झरना भए पनि प्रचारमा आउन नसक्दा झरना ओझेलमा परेका हुन् ।

ककनी गाउँ हुँदै बहने ककनी खोला कपल्टी भिरमा पुगेपछि झरनामा परिणत भएको छ । त्यही खोला करिब ५०० मिटरको दूरीमा तीनवटा झरनामा बदलिएको छ । पहिलो झरना गाउँ नजिकै छ । पर्यटकीय पूर्वाधार निर्माण भएका कारण गाउँबाट १० मिनेटकै पैदल दूरीमा यो झरनामा पुग्न सकिन्छ । दोस्रो झरना पहिलो झरना नजिकै रहे पनि भौगोलिक विकटताका कारण घुमाउरो बाटो भएर जानुपर्छ । करिब २० मिनेट ओरालो हिंडेपछि दोस्रो झरना पुग्न सकिन्छ । यो झरना ककनी खोलाको सबैभन्दा अग्लो झरना रहेको स्थानीय दिलबहादुर तामाङ बताउछन् ।

ककनी खोलाको तेस्रो झरना भने खोचभित्र छ । यो झरनामा पुग्नका लागि सहज बाटो पनि छैन । तेस्रो झरना अझ सुन्दर र आकर्षक भए पनि त्यहाँ जान नसकिने तामाङको भनाइ छ । 'ककनी खोलाका तीनवटै झरना आकर्षक छन्', तामाङ भन्छन्, 'तर भौगोलिक विकटताले पर्यटकको बाक्लो उपस्थिति हुन सकेको छैन ।'

ककनी खोलाको शिरमा ओखलढुंगाको प्रख्यात ककनी चम्पादेवी मन्दिर रहेको छ । धार्मिक आस्थासँग समेत जोडिएको तीनछाँगे झरनाको पहिलो र दोस्रो झरनामा जानका लागि गोरेटो बाटो, रेलिङ, विश्रामस्थल, काठेपुललगायतका संरचना निर्माण भएका छन् । तर प्रदेश र स्थानीय सरकारले निर्माण गरेका ती संरचना पनि पूर्ण नरहेको स्थानीय ढकबहादुर सुनुवारले बताए । 'ककनी गाउँसम्म आउने सडकदेखि झरनासम्म जाने पूर्वाधार अझै थप गर्न सके पर्यटक आकर्षित हुनसक्ने सम्भावना छ,' सुनुवार भन्छन्, 'ककनी गाउँसम्म आवतजावत गर्ने सडकदेखि झरनासम्म जाने पूर्वाधार अझै थप गर्न सके पर्यटक आकर्षित हुनसक्ने सम्भावना छ ।'

झरना नजिकै रहेको ककनी गाउँमा तामाङ र सुनुवार जातिको बाक्लो वस्ती रहेको छ । झरना हेर्न आउने पर्यटकलाई लक्षित गरेर स्थानीयले होमस्टे सुविधासमेत दिंदै आएका छन् । 'झरना नजिकै बास बस्ने सुविधायुक्त होमस्टेसमेत व्यवस्था गरेका छौँ,' होमस्टे सञ्चालक नरबहादुर सुनुवार बताउनुहुन्छ, 'त्यसैले पर्यटक आवागतम बढाउन जोड दिइरहेका छौँ ।'

**यसरी पुग्न सकिन्छ झरना स्थल**

जिल्ला सदरमुकाम ओखलढुंगाबाट झरना क्षेत्रमा करिब तीन घण्टाको दूरीमा पुग्न सकिन्छ । झरना क्षेत्रमा पर्यटक बढे स्थानीयको आर्थिक अवस्थासमेत सुधार हुने होमस्टे सञ्चालक सुनुवारको भनाइ छ ।

भौगोलिक दुर्गमताका बाबजुत प्राकृतिक सुन्दरतामा रमाउनेहरूका लागि तीनछाँगे झरना उपयुक्त गन्तव्य हो । झरना क्षेत्रमा जानका लागि ओखलढुंगा सदरमुकामबाट कटुञ्जेको कोषहाट हुँदै ककनी गाउँसम्म बाइक वा जिपमा जान सकिन्छ ।

## प्रेरक भनाईहरु

■ आफ्नो क्रोधमाथि नियन्त्रण गर । क्रोधले भ्रम पैदा गर्छ । भ्रमले बुद्धि विचलित हुन्छ । यसले स्मृति नष्ट गर्छ र यसप्रकार मानिसको पतन सुरू हुन्छ । क्रोध, कामवासना र भय यी हाम्रो शत्रु हुन् । - श्रीमद्भागवत गीता

■ नाम, पद, प्रतिष्ठा, सम्प्रदाय, धर्म, स्त्री वा पुरूष हामी होइनौं न यो शरीर नै हामी हौं । यो शरीर अग्नी, जल, वायु, पृथ्वी, आकाशबाट बनेको हो र अन्ततः यसैमा विलय हुन्छ । तर, आत्मा स्थिर छ र हामी आत्मा हौं । आत्मा कहिल्यै मर्दैन । न यसको जन्म हुन्छ, न मृत्यु । आत्मभावमा रहनु नै मुक्ती हो । श्रीमद्भागवत गीता

■■■

■ अर्काको धनको अपहरण, परस्त्रीसँग संसर्ग, सहृदयीप्रति अतिशंका यी तीन दोष विनाशकारी छ ।

■ संसारमा यस्ता व्यक्ति थोरै हुन्छन्, जो कठोर तर हितको कुरा गर्छन् ।

■ अत्याधिक दुःखले आशाको जन्म दिन्छ ।

■ धैर्य र समय, यी दुबै सर्वाधिक शक्तिशाली योद्धा हुन् ।

■ जब तिमी आफ्नो अनुभवले साहस र आत्मविश्वास हासिल गर्नेछौ, तिम्रो अनुहारमा भय हराउनेछ ।

■ यस संसारमा असंभव केहिपनि छैन, यदि उत्साहलाई नछाड्ने हो भने । महर्षि बाल्मीकि






## खानपान र जीवनशैली

# स्वास्थ्यका लागि च्याउका मुख्य फाइदाहरू



दमक/ च्याउ जति स्वादिलो हुन्छ, यो स्वास्थ्यका लागि पनि उत्तिकै फाइदाजनक हुन्छ । च्याउको सेवनले शरीरमा कोलेस्ट्रोलको मात्रा सन्तुलित बनाउनेदेखि लिएर स्तन क्यान्सर तथा प्रोस्टेट क्यान्सरको जोखिम कम गर्ने र मधुमेहको खतरालाई घटाउने विभिन्न अध्ययनहरूले देखाएका छन् ।

मोटोपन घटाउनदेखि लिएर शरीरको रोग प्रतिरोधी क्षमता बढाउनमा पनि च्याउ सहयोगी हुने पोषणविद् केपी लम्साल बताउँछन् ।

उनका अनुसार च्याउ स्वास्थ्यका लागि अत्यन्तै लाभदायक र पोषक तत्त्वले भरिपूर्ण खानेकुरा हो । यसमा पर्याप्त मात्रामा भिटामिन 'बी', फाइबर, पोटासियम र एन्टिअक्सिडेन्टहरु पाइन्छन्, जसले शरीरलाई विभिन्न रोगहरूबाट जोगाउन मद्दत गर्छन् ।

प्रतिरोधात्मक क्षमता बढाउनेः च्याउमा एर्गोथियोनाइन जस्ता शक्तिशाली एन्टिअक्सिडेन्ट र प्राकृतिक एन्टिबायोटिक गुण हुन्छन्, जसले शरीरको प्रतिरोधी क्षमता (इम्युनिटी) बढाउन मद्दत गर्छन् ।

रक्तचाप नियन्त्रण गर्नेः यसमा पोटासियम बढी र सोडियम कम हुने भएकाले यसले रक्तचाप नियन्त्रण गर्न र मुटुलाई स्वस्थ राख्न सहयोग पुऱ्याउँछ ।

तौल घटाउन सहयोगीः च्याउमा उच्च प्रोटिन, प्रशस्त फाइबर र कम क्यालोरी/कोलेस्ट्रोल हुन्छ । यसले धेरै समयसम्म पेट भरिएको महसुस गराई मोटोपन नियन्त्रण गर्न मद्दत गर्छ ।

रक्तअल्पताबाट बचाउनेः च्याउमा पाइने आइरन र कपरले शरीरमा रगतको कमी हुन दिंदैन। तसर्थ, रक्तअल्पता (एनिमिया) का बिरामीका लागि यो निकै उपयोगी छ ।

क्यान्सरको जोखिम कम गर्नेः विभिन्न अनुसन्धानका अनुसार च्याउको नियमित सेवनले क्यान्सर जस्ता प्राणघातक रोगको जोखिमलाई न्यूनीकरण गर्न सघाउँछ ।

ऊर्जा र मानसिक स्वास्थ्यः यसमा पाइने भिटामिन 'बी' ले खानालाई ऊर्जामा बदल्न र स्नायु प्रणालीलाई स्वस्थ राख्न महत्त्वपूर्ण भूमिका खेल्छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

# रसुवाका दुर्गम स्वास्थ्य संस्थामा हेलिकप्टरबाट औषधि

दमक/ रसुवामा आएको प्राकृतिक प्रकोपका कारण सडक सञ्जाल अवरूद्ध भएपछि स्वास्थ्य सेवा प्रभावित हुन नदिन जनस्वास्थ्य कार्यालय, रसुवाले दुर्गम तथा बाढीप्रभावित क्षेत्रमा वैकल्पिक माध्यमबाट औषधि तथा स्वास्थ्य सामग्री पुऱ्याउन थालेको छ ।

बाढी तथा पहिरोका कारण नियमित यातायात सेवा अवरूद्ध भएका स्थानमा स्वास्थ्य सेवाको निरन्तरता कायम राख्न आवश्यकताका आधारमा हेलिकप्टर तथा सरकारी सवारीसाधनमार्फत औषधि र स्वास्थ्य सामग्री पठाइएको जनस्वास्थ्य कार्यालय, रसुवाले जनाएको छ ।


कार्यालयका अनुसार स्याफ्रुबैंसी हुँदै जाने सडक अवरूद्ध भई आमाछोदिङ्मो गाउँपालिकामा सडकमार्गबाट पहुँच पुग्न नसक्ने अवस्था बनेपछि स्थानीय समुदायका लागि आवश्यक आधारभूत औषधि तथा स्वास्थ्य सामग्री हेलिकप्टरमार्फत पठाइएको छ । स्थानीय स्वास्थ्य शाखा प्रमुखको मागका आधारमा उच्च रक्तचाप, मधुमेहलगायत दीर्घरोगका औषधि तथा अन्य आकस्मिक स्वास्थ्य सामग्री पठाइएको कार्यालयले जनाएको छ ।

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोडः
राजकुमार श्रेष्ठ
९८०६०१०४१०



डा. प्रेम खत्री




# नेपाली सामाजिक संस्कारहरूमा तिथिमितिको महत्व

## संस्कृति र अनुभूतिका आयामह

क्रमागत...प्रकाश र उर्जा दिने चन्द्रमाको दृश्य रूपमा, आधारमा हुने पक्ष र बुद्धिलाई दृष्टिगत गर्दै ती पक्षहरूका नामकरण भएका र तिनको प्रभावलाई महसुस गर्ने गरिएको हो ।

**तिथिका वर्ग**

लौकिक व्यवहार-प्रचलनमा १ पक्षभित्रका १५ तिथिहरूलाई ५ वर्गमा बाँडिएको छ । ती वर्ग हाम्रा विविध धार्मिक-सामाजिक र सांस्कृतिक गतिविधि सम्पन्न गर्ने वा वर्जित गर्ने हेतु विभाजित छन् । ती पाँच वर्ग निम्नानुसार छन् -

| वर्ग | तिथि |
|---|---|
| नन्दा | प्रतिपदा, षष्ठी, एकादशीभद्रा |
| भद्रा | द्वितीया, सप्तमी, त्रयोदशी |
| जया | तृतीया, अष्टमी, द्वादशी, दशमी |
| रिक्ता | चतुर्थी, नवमी, चतुर्दशी |
| पूण | पञ्चमी, पूर्णिमा |

वर्गका हिसाबले जयालाई उत्तम, पूर्णिमालाई शुभ, भद्रालाई पनि राम्रो तथा नन्दा र रिक्तालाई विविध कार्यको अवसरका लागि ठीकैका र त्याज्य पनि मानिन्छन् । यसो भएपनि विविध पूजा, व्रत आदि कार्यका हिसाबले सबै वर्ग समाहित भएको पनि पाइन्छ। यसैले कुनै वर्ग वा तिथि पनि सबै प्रकारका गतिविधिका लागि वर्जित वा त्याज्य मान्न सकिन्न । साइत, मुहूर्त जुराएर गर्नुपर्ने कतिपय संस्कारहरूमा ती केहीलाई त्याग्नु राम्रो भन्ने शास्त्रीय उक्ति हो ।

यसरी साइत जुराउँदा वा कुनै घटिसकेको घटनालाई गणना गर्दा दुई तिथिबीचको दोसाँधको समय वा मुहूर्तलाई पनि अशुभ मान्ने चलन छ । जस्तो- पञ्चमी, दशमी । पूर्णिमाको अन्तिम घडी वा पला, त्यसैगरी प्रतिपदा, षष्ठी, एकादशीको सुरूका दुई घडी (४८ मिनट) मा भएका जन्म आदि घटनामा स्वस्तिशान्ति गर्नु पर्ने विधान छ ।

यसै गरी पूर्णिमा अघिको चतुर्दशी शुक्लपक्षको भएकोले अशुभ नमानिने तर अमावस्यको चतुर्दशी भने विविध अवसरका लागि अशुभ मानिने गरिन्छ । यस्तो तिथि 'गणनान्त'का बारेमा गर्नपर्ने विधानको व्यवस्था पनि शास्त्रले गरेको छ । यसमा त्यस तिथिका शासक वा 'मालिक भनिने शक्तिको पूजा गर्ने विधान छ ।

हाम्रो सामाजिक जीवनको मूलधार भनेको परिवार हो । विवाहले यसको सृष्टि गर्छ, जन्मले यसको विकास गर्छ र मृत्युले यसलाई असङ्गठित वा कमजोर बनाउँछ । अतएव, यी घटनालाई शुभ र अशुभ भनिन्छ र परिवार-समाजले तिनको व्यवस्थापन शास्त्रसम्मत ढङ्गले गर्छ ।

यहाँ जन्मदेखि मृत्युसम्मका र तीसित गाँसिएका क्रियाकलाप (समष्टिमा संस्कार भनिने) लाई तिथिहरूसित समायोजन गरी हेर्ने प्रयास गरिएको छ । यो प्रयास ज्योतिषलगायत शास्त्र, कर्मकाण्डको ज्ञाता वा विशेषज्ञबाट भइरहेको छैन भन्नेचाहिँ बुझ्नु आवश्यक छ । क्रमशः...

## स्वास्थ्य

# विपन्न नागरिकलाई उपचारमा छुट



खोटाङ / खोटाङ जिल्लाका विपन्न नागरिकलाई यहाँका केही अस्पतालले विशेष छुट उपलब्ध गराउने भएका छन् ।

तवाचुङ नगरपालिका र खोटेहाङ र जन्तेढुंगा गाउँपालिकाका विपन्न नागरिकलाई काठमाडौँ मेडिकल कलेज (केएमसी) अस्पताल र नोवेल मेडिकल कलेज विराटनगरले उपचारमा ५० प्रतिशतसम्म छुट उपलब्ध गराउने भएका हुन् ।

स्थानीय तहसँगको सम्झौताअनुसार केएमसी, सिनामंगलले उपचार गराउन आउने नागरिकका लागि २५ प्रतिशत तथा दुवाकोट भक्तपुरमा आउनेका लागि ५० प्रतिशतसम्म सहुलियत दिने भएको हो । हलेसी तुवाचुङ नगरपालिकाले नोवेल मेडिकल कलेज विराटनगरमार्फत अति विपन्न नागरिकका लागि सहुलियत दिलाउने विषयमा हालै सम्झौता गरेको छ ।

जिल्लाको दोस्रो ठुलो स्थानीय तहमा ११ वटा वडा छन् । यस नगरपालिकाका नागरिकलाई नोबेल मेडिकल कलेज विराटनगरले २० प्रतिशत सहुलियत दिने भएको छ । अति विपन्न वर्गका २० जना नागरिकलाई केएमसी अस्पताल दुवाकोट भक्तपुरमा एक वर्षसम्म स्वास्थ्य उपचारमा शतप्रतिशत छुट उपलब्ध हुने व्यवस्था मिलाइएको नगरप्रमुख विमला राईले जानकारी दिएकी छन् ।

'नगरपालिकामा निर्माणाधीन आधारभूत अस्पताल सञ्चालनमा ल्याउन सकिएको छैन । नागरिकहरु उपचारका लागि बाहिरी जिल्ला धाउनुपर्ने अवस्था छ', उनले भने, "आफ्नै खर्चमा स्वास्थ्य उपचार गराउन सक्ने सबै नागरिकको अवस्था छैन । उपचार नपाएर आफ्नो नागरिकले अकालमा ज्यान गुमाउन नपरोस् भनेर काठमाडौँ मेडिकल कलेज र नोबेल मेडिकल कलेजसँग सहुलियतमा उपचारको व्यवस्था मिलाएका हौँ ।"

खोटेहाङ गाउँपालिकाले ग्लोबल मेडिकल कलेज विराटनगर र काठमाडौँ मेडिकल कलेज दुवाकोट भक्तपुरमा ५० प्रतिशत सहुलियतका लागि सम्झौता गरेको छ । अति विपन्न नागरिकको स्वास्थ्य उपचारमा सहुलियत दिलाउन दुवै अस्पतालमा एक वर्षका लागि सम्झौता गरिएको गाउँपालिका प्रमुख उदीमबहादुर राई 'मुक्ति' ले जानकारी दिए ।

## दैनिक राशिफल

आज मिति
२०८३ साल
भदौ १७ गते
बुधबार
2 Sept. 2026
तिथिः षष्ठी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगानाः क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागिः
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | धनलाभ । उत्तम भोजन । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | कार्यमा सफलता । खर्च पनि बढ्नेछ । |
| मिथुन | का कि कु घ ङ छ के को हा | आफन्तबाट सहयोग । आज आम्दानी बढ्ने । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | सभासेमिनारमा उपस्थित । कारोबारमा लाभ । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | पेटमा सामान्य समस्या । सामान्य धनलाभ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | शरीरमा समस्या सामान्य धन लाभ । |
| तुला | रा री रु रे रो ता ती तु ते | जीवन साथीको सहयोग । साझेदारीबाट लाभ । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | हिम्मत बढ्ने लेनदेनमा सफलता । |
| धनु | य यो भा भी भ धा फा ढ भे | पढाईमा सामान्य समस्या । खर्च बढ्ने । |
| मकर | भो जा जी खि खू खे खो गा गी | घरायसी समस्या । खर्च बढ्ने । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | पढाईमा रूचि । व्यसायबाट धनलाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | शत्रु बढ्ने । व्यवसायबाट सामान्य लाभ । |



***आफनै वेषभूषामा नेवारी युवतीहरू*** *: आफनै वेषभूषामा सजिएकी झापा, दमककी नेवारी युवतीहरू ।गाईजात्रा पर्वका अवसरमा सोमबार दमक चौंकमा निकालिएको लाखे नाचमा आफनो मौलिक पहिरनमा सजिएकी नेवारी युवतीहरू ।*

# दमक बहुमुखी सहकारीको साधारणसभा सम्पन्न




दमक । दमक बहुमुखी सहकारी संस्था लिमिटेडले आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति तथा वित्तीय अवस्थाबारे समीक्षा गर्दै आफ्नो २४औँ साधारणसभा सम्पन्न गरेको छ । दमक-८ स्थित कस्मिक पार्टी प्यालेसमा आयोजित साधारणसभाको अध्यक्षता संस्थाका अध्यक्ष मोहनकुमार श्रेष्ठले गरेका थिए ।

झापा जिल्ला सहकारी संघका अध्यक्ष प्रेमकुमार कोइरालाको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा दमक उद्योग वाणिज्य संघका द्वितीय उपाध्यक्ष रूवल अधिकारीसहित विभिन्न वित्तीय संघसंस्थाका प्रतिनिधि, संस्थाका वर्तमान तथा निवर्तमान कार्यसमितिका पदाधिकारी, पूर्वअध्यक्ष, सल्लाहकार, विभिन्न समिति तथा उपसमितिका पदाधिकारी, संस्थापक, संयोजक र ज्येष्ठ शेयर सदस्यहरूको सहभागिता रहेको थियो ।

संस्थाका उपाध्यक्ष बसन्तप्रसाद उपाध्यक्षले सञ्चालन गरेको कार्यक्रममा अध्यक्षको प्रतिवेदन, सञ्चालक समितिको प्रतिवेदन तथा लेखा समितिको प्रतिवेदन प्रस्तुत गरिएको थियो ।

साधारणसभामा प्रस्तुत प्रतिवेदनअनुसार संस्थाले आर्थिक वर्ष २०८२/०८३ मा आफ्नो जगेडा कोषमा १६ लाख १७ हजार ५३९ रूपैयाँ थप गरी कुल २ करोड ८२ लाख ६१ हजार १४८ रूपैयाँ पुर्‍याएको छ । त्यस्तै, ऋण जोखिम कोषमा ५ लाख ८ हजार २०० रूपैयाँ थप भई कोषको कुल रकम ७१ लाख २ हजार ७०८ रूपैयाँ पुगेको जनाइएको छ ।

संस्थाले सहकारीसम्बन्धी प्रचलित कानुन तथा नियमअनुसार विभिन्न कोषमा रकम विनियोजन गरी संस्थाको वित्तीय अवस्था थप मजबुत बनाउँदै लगेको जनाएको छ ।

त्यस्तै, संस्थाले आर्थिक वर्षको असार मसान्तसम्म २० करोड ७७ लाख ८१ हजार ९५१ रूपैयाँ ऋण लगानी गरेको विवरण साधारणसभामा प्रस्तुत गरिएको थियो ।

**उत्कृष्ट विद्यार्थी तथा ज्येष्ठ शेयर सदस्य सम्मानित**

साधारणसभाका अवसरमा संस्थाले सदस्यका छोराछोरीमध्ये विभिन्न तहका परीक्षामा उत्कृष्ट अंक हासिल गर्ने विद्यार्थीलाई नगदसहित सम्मान गरेको छ ।

एसईई प्राविधिकतर्फ एक जना, सामुदायिक विद्यालयतर्फ छात्र-छात्रा गरी दुई जना, निजी विद्यालयतर्फ छात्र-छात्रा गरी दुई जना तथा प्रमाणपत्र तह, स्नातक तह र स्नातकोत्तर तहबाट एक-एक जना गरी कुल आठ विद्यार्थीलाई जनही २ हजार ५०० रूपैयाँ नगदसहित पुरस्कृत गरिएको हो ।

पुरस्कृत हुने विद्यार्थीमा आनन्दीकुमारी साह, निसेन कन्दङ्वा, गौरव पौडेल, अकान्छी मण्डल, प्रतीक अर्याल, इशिका नायक, सौरभ रिजाल र स्वप्निल रेग्मी रहेका छन् ।

त्यस्तै, संस्थाले नौ जना ज्येष्ठ शेयर सदस्यलाई सम्मान गरेको छ । सम्मानित हुनेमा गजेन्द्रकुमार श्रेष्ठ, रत्नकुमारी श्रेष्ठ, विश्वनाथ भट्टराई, चक्रबहादुर कार्की, रामकुमारी राई, खगेन्द्रप्रसाद भण्डारी, अम्बिकादेवी उप्रेती, कान्छीमाया खवास र गौरा खड्का रहेका छन्।

यसैगरी कर्मचारीतर्फ गंगा खतिवडालाई सम्मान गरिएको छ भने उत्कृष्ट कर्जा कारोबार, उत्कृष्ट कारोबार, उत्कृष्ट बचतलगायत विभिन्न विधामा उत्कृष्टता हासिल गर्ने सदस्य तथा कर्मचारीलाई नगदसहित पुरस्कृत गरिएको संस्थाले जनाएको छ ।

साधारणसभाले संस्थाको वित्तीय अवस्था, सेवा प्रवाह तथा आगामी कार्यदिशाबारे समेत छलफल गर्दै सहकारीलाई थप व्यवस्थित, सदस्यकेन्द्रित र आर्थिक रूपमा सबल बनाउँदै लैजाने प्रतिबद्धता जनाएको छ ।

***दमक......*** इन्टरनेट सेवा प्रदायकका तार व्यवस्थित रूपमा जडान गर्न सकिने व्यवस्था गरे पनि सेवा प्रदायकहरूले सडक वारपार हुने गरी तार टाँग्ने क्रम नरोकिएको जनाएको छ ।

नगरपालिकाले भदौ ४ गते नेपाल विद्युत् प्राधिकरण दमक वितरण केन्द्र र दूरसञ्चार कार्यालय दमकलाई पत्र पठाउँदै भदौ ७ गतेभित्र अव्यवस्थित तार व्यवस्थापन गर्न निर्देशन दिएको थियो । पत्रमा भदौ २० गते हुने श्रीकृष्ण रथयात्राको रुटमा पर्ने सडक वारपारका तारलाई विशेष प्राथमिकताका साथ व्यवस्थापन गर्न भनिएको थियो ।

नगरपालिकाले तोकिएको समयभित्र तार व्यवस्थापन नभए भदौ ८ गतेदेखि नगरपालिका आफैँले त्यस्ता तार हटाउने र त्यसबाट हुनसक्ने भौतिक तथा वित्तीय क्षतिको जिम्मेवारी सम्बन्धित कार्यालय तथा सेवा प्रदायकले नै व्यहोर्नुपर्ने चेतावनी दिएको थियो ।

नगरपालिकाले रथयात्राका कारण हुने आवतजावत तथा सम्भावित जोखिमलाई ध्यानमा राख्दै रुटमा पर्ने सबै तार तत्काल व्यवस्थापन गर्न सेवा प्रदायकलाई आग्रह गरेको थियो ।

नगरपालिकाले तोकिएका क्षेत्रबाहेक अन्य स्थानमा रहेका तारलाई समेत निर्धारित पोलमा व्यवस्थापन गर्न सेवा प्रदायकहरूलाई निर्देशन दिएको छ । अव्यवस्थित तारका कारण शहरको सौन्दर्य बिग्रिनुका साथै सडक आवागमनमा समेत समस्या र जोखिम बढेको नगरपालिकाको भनाइ छ । नगर प्रमुख रामकुमार थापाले अन्तरसम्बन्धित निकायबीचको समन्वय, सहकार्य र आपसी एकताबाट मात्रै सुरक्षित, व्यवस्थित र आधुनिक शहर निर्माण गर्न सकिने भन्दै सबै सरोकारवालालाई नगरपालिकाको अभियानमा सहयोग गर्न आग्रह गरेका छन् ।

***तीज....*** हुने अनावश्यक खर्च कटौती गरी पीडित परिवारको राहतमा सहयोग पुर्‍याउने उद्देश्यले रकम प्रदान गरिएको हो । यसअघि मेचीनगरस्थित समाज सुधार महिला समूहले पनि तीज विशेष कार्यक्रम स्थगित गरी बाढी प्रभावित नागरिकका लागि रु २१ हजार ५०० सहयोग गरेको थियो । समूहमा आबद्ध ४० जना महिला सदस्यले स्वेच्छिक रूपमा रकम सङ्कलन गरी पीडितलाई उपलब्ध गराइएको समूहको अध्यक्ष सङ्गीता थापाले जानकारी दिइन् ।

***चार हजार.......*** प्रक्रिया पनि सँगसँगै अघि बढाइएको प्रहरीले जनाएको छ । दुई हजार ३१२ पुरुष र ३६८ महिला गरी दुई हजार ९८० नेपाली, विदेशीतर्फ २५१ पुरुष र ३३० महिला गरी ५८१ तथा फोनबाट टिपाइएका एक हजार ३२९ जना बेपत्ता अवस्थामा रहेका छन् । बाढी प्रभावित क्षेत्रमा खोजी, उद्धार, शव व्यवस्थापन तथा बेपत्ताको विवरण संकलनलाई निरन्तरता दिइएको प्रहरीले जनाएको छ ।

# सैन्य कारबाहीमा २० विद्रोहीको मृत्यु

**एजेन्सी/** कोलम्बियाको विद्रोही प्रभावित क्षेत्रमा सरकारी सेनाले गरेको हवाई कारबाहीमा २० जना विद्रोही मारिएका छन् । कारबाहीमा पाँच जना पक्राउ परेका छन् भने दुई जना नाबालकको उद्धार गरिएको कोलम्बियाका राष्ट्रपति अबेलार्डो डे ला एस्प्रियेलाले जानकारी दिएका छन् ।

राष्ट्रपति एस्प्रियेलाले सामाजिक सञ्जाल 'एक्स'मार्फत उक्त कारबाहीमा २० जना 'नार्को-आतंककारी' मारिएको पुष्टि गरेका हुन् । सन् २०१६ मा कोलम्बियाली सरकार र 'रिभोलुसनरी आर्म्ड फोर्सेज अफ कोलम्बिया' ( एफएआरसी) बीच शान्ति सम्झौता भएपछि इएमसी एफएआरसीबाट अलग भएको समूह हो ।

सरकारले विद्रोही समूहविरुद्ध सञ्चालन गरेको पछिल्लो कारबाही अगस्टको सुरुवातमा भएका दुई घातक हवाई आक्रमणपछि भएको हो ।

# पोखरामा ७६ वटा शव जमिनमुनि व्यवस्थापन

**दमक/** बाढी प्रभावितसहित विभिन्न जिल्लाबाट पोखरा ल्याइएका ७६ वटा शव जमिनमुनि व्यवस्थापन गरिएको छ ।

धादिङ, तनहुँ, गोरखा, पूर्वी नवलपरासीबाट ल्याइएका १ सय २ मध्ये ७६ वटा शव मंगलबार व्यवस्थापन गरिएको कास्की प्रहरीले जनाएको छ । ती शव पोखरा-१६ स्थित सेती नहर छेउको वनमा अन्तर्राष्ट्रिय मापदण्डअनुसार व्यवस्थापन गरिएको हो । १९ वटा शव पहिचान भएर आफन्तलाई जिम्मा लगाइएको र ७ वटा शव पोष्टमार्टम, डीएनए संकलन प्रक्रियाका लागि अस्पतालमै रहेको छ । सुरक्षा निकायले पहिचान भएका १९ वटाबाहेक सबै ८३ शव व्यवस्थापन गर्ने तयारी गरेको थियो । तर, पहिचानको क्रममा रहेका, पोष्टमार्टम र डीएनए संकलनको प्रक्रिया नसकिएकाले मंगलबार ७६ वटा शवमात्र व्यवस्थापन गरिएको छ ।

***विपत्तिमा.......*** निरौला रथयात्रा समितिका अध्यक्ष लगायतले दीप प्रज्वलन गरी आरती गरेपछि रथ अगाडि बढाइने कार्यक्रम तय भएको आचार्यले बताए ।

रथयात्रामा भक्तजन तथा सर्वसाधारणको सुरक्षालाई प्राथमिकतामा राखिएको समितिले जनाएको छ । सुरक्षा व्यवस्थापनका लागि सशस्त्र प्रहरी बल पाथीभरा ३८ नम्बर गण, इलाका प्रहरी कार्यालय दमक र दमक नगर प्रहरीसँग समन्वय गरिएको छ । ट्राफिक व्यवस्थापनको जिम्मेवारी ट्राफिक प्रहरी कार्यालय, जीवनचक्र समाज र दमक नगर प्रहरीलाई दिइएको छ । रथयात्रालाई व्यवस्थित गर्न दमक उद्योग वाणिज्य संघको नेतृत्वमा दमक युथ क्लब, लायन्स क्लब, जेसीज, रोटरी क्लब तथा लियो लगायतका संस्थाका स्वयंसेवक परिचालन हुनेछन् । रथको प्रमुख घेरा व्यवस्थापनको जिम्मेवारी डिभाइन युथ क्लब तथा बाहिरी घेराको जिम्मेवारी आईटीएफले लिएको समितिले जनाएको छ । पैदल हिँड्न कठिन हुने ज्येष्ठ नागरिक तथा अशक्त व्यक्तिका लागि करिब ५० देखि ७० वटा सफारीको व्यवस्था गरिएको छ । ती सफारी रथयात्राको पछाडिपट्टि निर्धारित लाइनमा सञ्चालन हुनेछन् ।

रथयात्रामा स्वास्थ्य सुरक्षालाई समेत प्राथमिकता दिइएको छ । आकस्मिक अवस्थाका लागि तीनदेखि चारवटा एम्बुलेन्स तयारी अवस्थामा राखिनेछ भने स्वास्थ्यकर्मीसमेत परिचालन हुनेछन् । दमकका विभिन्न अस्पतालका आकस्मिक कक्षमा आवश्यक बेड तयारी अवस्थामा राखिने व्यवस्था मिलाइएको समितिले जनाएको छ । रथयात्राका क्रममा भक्तजनका लागि पानी, काँक्रा, सर्वत, चकलेट लगायतका सामग्री विभिन्न संघ-संस्थाको सहयोगमा उपलब्ध गराइनेछ । रथयात्रापछि प्रसादीको व्यवस्थापन श्री राधा माधव समितिले गर्ने तथा श्याम परिवारले भण्डारा सञ्चालन गर्नेछ । रथ तान्ने जिम्मेवारी कीर्तन मण्डली केन्द्रीय समितिले लिएको छ । पुष्पवृष्टि व्यवस्थापनको जिम्मेवारी चाहिँ पातञ्जल तथा पतञ्जली योग समितिले लिएको छ ।

समितिले यस वर्षको रथयात्रालाई धार्मिक आस्था र सामाजिक उत्तरदायित्वसँग जोड्ने जनाएको छ । विपत्तिको समयमा पीडित नागरिकसँग ऐक्यबद्धता जनाउँदै आयोजना गरिने रथयात्राले धार्मिक समुदायको मानवीय दायित्व र सामाजिक सद्भावको सन्देश दिने समितिको विश्वास छ ।

***राष्ट्रियसभा....*** त्यस्तै संघ, प्रदेश र स्थानीय सरकारबीच सघन समन्वयका साथै नागरिक समाज, निजी क्षेत्र र अन्तर्राष्ट्रिय समुदायको सहयोग जुटाउन र क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माण तथा भविष्यमा विपद् जोखिम न्यूनीकरणका लागि प्रभावकारी पूर्वतयारीका उपाय अवलम्बन गर्न सरकारको ध्यानाकर्षण गराइएको राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले बताए


अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
**भगवान बस्नेत** : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२



# हंसे दुम्से सामुदायिक वन उपभोक्ता समिति

**दमक-२,३ झापाको**

## निर्वाचन कार्यक्रमको कार्यतालिका



| कार्यक्रम | मिति | समय | स्थान |
|---|---|---|---|
| मतदाता नामावली प्रकाशन | २०८३/०५/१६ | दिनको २:०० बजे | उपभोक्ता समुहको कार्यालय |
| मतदाता नामावली संशोधन | २०८३/०५/१७ | दिनको १:०० बजे सम्म | उपभोक्ता समुहको कार्यालय |
| अन्तिम मतदाता नामावली प्रकाशन | २०८३/०५/१७ | दिनको २:०० बजे | उपभोक्ता समुहको कार्यालय |
| उम्मेदवारी दर्ता | २०८३/०५/१८ | दिनको ११:०० बजे देखी ३ बजे सम्म | उपभोक्ता समुहको कार्यालय |
| उम्मेदवारहरुको प्रारम्भिक नामावली प्रकाशन | २०८३/०५/१८ | दिनको ४:०० बजे | उपभोक्ता समुहको कार्यालय |
| उम्मेदवारहरुको नामावली माथी दावी, विरोध र फिर्ता | २०८३/०५/१९ | दिनको २:०० बजे सम्म | उपभोक्ता समुहको कार्यालय |
| उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन | २०८३/५/१९ | दिनको ४:०० बजे | उपभोक्ता समुहको कार्यालय |
| मतदान | २०८३/०५/२१ | विहान ८:०० बजे देखी २:०० बजे सम्म | उपभोक्ता समुहको कार्यालय |
| मतगणना | २०८३/०५/२१ | मतदान पश्चात | उपभोक्ता समुहको कार्यालय |
| नतिजा प्रकाशन | २०८३/०५/२१ | मतगणना सकिए पछि | उपभोक्ता समुहको कार्यालय |

गोमादेवी प्रसाई
निर्वाचन संयोजकं






### नमस्ते बचत तथा ऋण सहकारी संस्था लि.गौरादह झापाको

## कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*प्रथम पटक प्रकाशित मिति : २०८३ भदौ १७ गते बुधवार पूर्वसन्देश दैनिक*

यस नमस्ते बचत तथा ऋण सहकारी संस्था लि.गौरादह बाट विभिन्न उद्देश्यमा ऋण लिएका तपसिलका ऋणी सदस्यहरुले संस्थासँग गरेको ऋण सम्झौता अनुसार कर्जाको तिनुपर्ने किस्ता , ब्याज तथा कर्जा लिँदा कर्जा स्वीकृत पत्र अनुसारको सर्त कबुलियत उल्लघंन भएको र पटक पटक मौखिक एवम् लिखित तार तागेता गर्दा समेत कर्जा तिर्न आलटाल गरेकाले यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र ऋण चुक्ता नगरेमा कर्जा लिने ऋणी र सो कर्जाको जमानी बस्ने जमानतकर्ताहरुको कानुनी दायित्व बराबर हुने भएकोले , दुवै पक्षको घरघराना , नाममा रहेको चल अचल सम्पत्ति , बैंक खाता तथा सेयरहरु सहकारी ऐन बमोजिम रोक्का राखि , उक्त जायजेथाबाट संस्थाले लिनुपर्ने सम्पूर्ण रकम असुल उपर गरिनेछ। साथै ऋणी तथा जमानीकर्ता दुवै पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्नुका साथै सहकारी कर्जा असुली न्यायधिकरण मार्फत प्रचलित कानुन बमोजिम कडा कानुनी कारबाही अघि बढाईने व्यहोरा यसै सूचनाद्धारा अवगत गराईन्छ।

| सि. नं. | ऋणीको विवरण | ऋणीको फोटो | जमानीकर्ताको नाम | जमानीकर्ताको फोटो |
|---|---|---|---|---|
| १ | ऋणीको नाम : हरि थापा<br>ना.प्र.नं.: २८८१/३८८१ सुनसरी<br>सदस्यता नं.:०१०२६१४<br>बाबुको नाम : कृष्ण ब.थापा<br>बाजेको नाम : नर ब.थापा<br>ठेगाना : गौरादह ०७ |  | नाम : लक्ष्मी माया श्रेष्ठ<br>बाबुको नाम : लक्ष्मी प्र.श्रेष्ठ<br>नाता : श्रीमती<br>ठेगाना : गौरादह ०७ |  |
| २ | ऋणीको नाम : लक्ष्मी माया श्रेष्ठ<br>ना.प्र.नं.: ४२३१,३१५५ झापा<br>सदस्यता नं.: ०१०२४९५<br>बाबुको नाम : लक्ष्मी प्र.श्रेष्ठ<br>बाजेको नाम : राम प्र.श्रेष्ठ<br>ठेगाना : गौरादह ०७ |  | नाम : हरि थापा<br>बाबुको नाम : कृष्ण ब.थापा<br>नाता : श्रीमान<br>ठेगाना : गौरादह ०७ |  |
| ३ | ऋणीको नाम : हरी वर्देवा<br>ना.प्र.नं.: ९२१० झापा<br>सदस्यता नं.: ०१०२७५१<br>बाबुको नाम : डिल्लीराम वर्देवा<br>बाजेको नाम : खड्ग ब.वर्देवा<br>ठेगाना : गौरादह ०२ |  | नाम : सञ्जु वर्देवा<br>बाबुको नाम : हस्त ब.सुन्दास<br>नाता : श्रीमती<br>ठेगाना : गौरादह ०२ |  |
| ४ | ऋणीको नाम : कृष्ण प्र.राजवंशी<br>ना.प्र.नं.: ०४३०३४/२५६ झापा<br>सदस्यता नं.: ०१०३७०९<br>बाबुको नाम : तुल प्र.राजवंशी<br>बाजेको नाम : भजनलाल राजवंशी<br>ठेगाना : गौरादह ०७ |  | नाम : सरिता राजवंशी<br>बाबुको नाम :गोपाल राजवंशी<br>नाता : श्रीमती<br>ठेगाना : गौरादह ०७ |  |
| ५ | ऋणीको नाम : कमला श्रेष्ठ<br>ना.प्र.नं.: ०४३०४०/६०३ झापा<br>सदस्यता नं.: ०१०४२०७<br>बाबुको नाम : खड्ग ब.श्रेष्ठ<br>बाजेको नाम : धन ब.श्रेष्ठ<br>ठेगाना : गौरादह ०२ |  | नाम : एस्मी श्रेष्ठ<br>बाबुको नाम : कुमार ब.श्रेष्ठ<br>नाता : छोरी<br>ठेगाना : गौरादह ०२ |  |
| ६ | ऋणीको नाम : कर्ण ब.देवकोटा<br>ना.प्र.नं.: २/१७१८ बर्दिया<br>सदस्यता नं.: ०१०२०११<br>बाबुको नाम : देवी प्र.देवकोटा<br>बाजेको नाम : धन प्र.देवकोटा<br>ठेगाना : वितामोर्ड ०३ |  | नाम : पारु देवकोटा<br>बाबुको नाम : पृतम खड्का<br>नाता : श्रीमती<br>ठेगाना : वितामोर्ड ०३ |  |
| ७ | ऋणीको नाम : पारु देवकोटा<br>ना.प्र.नं.: ०४१००५/०४३ झापा<br>सदस्यता नं.: ०१०२५७५<br>बाबुको नाम : पृतम खड्का<br>बाजेको नाम : बुद्धिलाल क्षेत्री<br>ठेगाना : वितामोर्ड ०३ |  | नाम : कर्ण ब.देवकोटा<br>बाबुको नाम :देवी प्र.देवकोटा<br>नाता : श्रीमान<br>ठेगाना : वितामोर्ड ०३ |  |
| ८ | ऋणीको नाम : प्रमिला परियार<br>ना.प्र.नं.: ०४२०४७/७२८ झापा<br>सदस्यता नं.: ०१०४१०४<br>बाबुको नाम : पूर्ण ब.परियार<br>बाजेको नाम : रञ्जित परियार<br>ठेगाना : गौरादह ०३ |  | नाम : डम्बर रनपेली<br>बाबुकोनाम:श्यामकाजी रनपेली<br>नाता : श्रीमान<br>ठेगाना : गौरादह ०३ | |



◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
**कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२, **मुद्रण**: ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com